## सुचना तथा सञ्चार मन्त्रालय र नेपाल केबूल टेलिभिजन एसोसिएसन तथा नेपाल केबूल टेलिभिजन संघवीच मिति २०६४।५।२ मा भएको सम्झौतालाई कार्यान्वयन गर्न बनेको समितिद्वारा सुचना तथा सञ्चार मन्त्रालयमा प्रस्तूत प्रतिवेदन :

विद्युतीय सञ्चार माध्यममा केबूल टेलिभिजनको भुमिका ज्यादै अहम् र महत्वपुर्ण रहेको छ । प्रविधिमा भएको द्रूततर विकाससँगै नियम कानूनमा समयसापेक्ष संशोधन तथा परिमार्जन हूनू पर्ने आवश्यकता भइरहेको र विद्यमान राष्ट्रिय प्रसारण ऐन तथा नियमावलीमा यस व्यवसायलाई नियमन, अनूगमन तथा व्यवस्थापनका लागि यथेष्ट कानूनी व्यवस्था नभइरहेको परिप्रेक्षमा नेपाल केबूल टेलिभिजन एसोसिएसन र नेपाल केबूल टेलिभिजन संघको संयूक्त संघर्ष समितिले विभिन्न मागहरु राखी पेश गरेको मागपत्रका सन्दर्भमा उक्त संघर्ष समिति र नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालयवीच देहायका विषयमा सहमति भएको थियो :

- केबूल टेलिभिजन समस्या समाधान सूझाव समितिले प्रस्ताव गरेको केबूल टेलिभिजन (नियमित तथा व्यवस्थित गर्न) विधेयकको मस्यौदा २०६३ लाई अन्तिम रुप दिने ।

- केबूल टेलिभिजनको मुल्य निर्धारण सम्बन्धमा केबूल टेलिभिजन सल्लाहकार समितिद्वारा प्रस्तूत सूझाव २०६४ लाई अध्ययन एवं छलफल गरी कार्यान्वयनमा ल्याउने ।

- राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम वूझाउनू पर्ने चार प्रतिसत रोयल्टीको प्रावधानलाई प्रक्रिया पूऱ्याएर संशोधन गरी खारेज गर्ने ।

- आ.व. २०६३।६४ को रोयल्टी मिनाहका लागि अर्थ मन्त्रालयमा अनूरोध गर्ने ।

- राष्ट्रिय प्रसारण ऐन २०४९ बमोजिम प्रसारण इजाजतपत्र तथा रेडियो ऐन २०१४ बमोजिम दूई इजाजतपत्र लिनू पर्ने दोहोरो प्रकृयाको अन्त्य गरी एकिकृत रुपमा प्रसारण इजाजतपत्र लिने गरी ऐनमा व्यवस्था गर्ने ।

- राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम १६ को उपनियम (३) बमोजिम नवीकरण गराउंदा लाग्ने एकसय दश प्रतिसत दस्तूरको सट्टा दश प्रतिसत मात्र नवीकरण दस्तूर लाग्ने गरी नियमावलीमा आवश्यक संशोधन गर्न ।

- केबूल प्रसारणले स्थानीय कार्यक्रम उत्पादन एवं प्रसारण गर्न पाउनू पर्ने, केबूल प्रसारणबाट स्क्रोलिङ गर्न पाउने, प्रेस पास प्रदान गर्नू पर्ने तथा उद्योगसरहको मान्यताका लागि प्रस्तावित विधेयकको मस्यौदामा समावेश गर्ने ।

- Direct to Home (DTH) सेवाको फूट प्रिन्टलाई नेपालबाट हटाउने वा यसलाई नियमन गर्ने र CAS (Conditional Access System) लाई प्रस्तावित विधेयकमा समावेश गरी लागु गर्न यस अघि केवल टेलिभिजन सल्लाहकार समितिबाट पेश भएको प्रतिवेदन समेतलाई अध्ययन गरी सरोकारवालाहरु बसी निर्णयमा पुग्ने ।

उपर्यूक्त बमोजिमको सम्झौतालाई कार्यान्वयन गर्ने सिलसिलामा केबूल टेलिभिजन (नियमन तथा व्यवस्थित गर्ने) विधेयक, २०६३ लाई परिमार्जन गरी अन्तिम रुप दिन राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा समसामयिक सूधार गरी तत्काल सम्वोधन गर्न सक्ने मागहरुको विषयमा के कस्तो सम्वोधन गर्नू पर्ने देखिन्छ सोको संशोधन प्रस्ताव पेश गर्न र केबूल टेलिभिजन प्रशारण शूल्क निर्धारण सम्बन्धमा केबूल टेलिभिजन सल्लाहकार समितिले पेश गरेको शूल्क निर्धारणसम्बन्धी प्रतिवेदनलाई अध्ययन गरी शूल्क निर्धारण गरी बैठक शूरु भएको दूई महिनाभित्र मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्नू पर्ने गरी देहाय बमोजिमको एक समिति गठन भएको थियो ।

समितिको गठन:

| | |
|---|---|
| (क) श्री नारायणप्रसाद रेग्मी, सह-सचिव, सुचना तथा सञ्चार मन्त्रालय- | संयोजक |
| (ख) श्री तपानाथ शूक्ल, सञ्चार विज्ञ, सुचना तथा सञ्चार मन्त्रालय- | सदस्य |
| (ग) श्री किरणचन्द्र श्रेष्ठ, उपसचिव (लेखा), सुचना तथा सञ्चार मन्त्रालय- | सदस्य |
| (घ) श्री राजेन्द्र नेपाल, उपसचिव (कानून), सुचना तथा सञ्चार मन्त्रालय- | सदस्य |
| (ङ) श्री अनूप नेपाल, उपसचिव (प्राविधिक), सुचना तथा सञ्चार मन्त्रालय- | सदस्य |
| (च) श्री प्रभा पाण्डे, उपसचिव, सुचना तथा सञ्चार मन्त्रालय- | सदस्य |
| (छ) अध्यक्ष/प्रतिनिधि, नेपाल केबूल टेलिभिजन एशोसिएसन - | सदस्य |
| (ज) अध्यक्ष/प्रतिनिधि, नेपाल केबूल टेलिभिजन संघ- | सदस्य |
| (झ) श्री चूडाराज न्यौपाने, शाखा अधिकृत, सुचना तथा सञ्चार मन्त्रालय- | सदस्य-सचिव |

माथि समिति गठनको खण्ड (च) र (छ) मा उल्लेख भए बमोजिम क्रमश: नेपाल केबूल टेलिभिजन एसोसिएसनका तर्फवाट कार्यकारी निर्देशक श्री राधेश्याम लेकाली र नेपाल केबूल टेलिभिजन संघको तर्फबाट अध्यक्ष श्री मनराजा रञ्जितले समितिको बैठकमा भाग लिनू भएको ।

अत: प्रस्तूत समितिले तोकिएको कार्यादेश बमोजिम केबूल नेटवर्क व्यवस्थित तथा नियमित गर्न बनेको ऐन २०६३ को मसौदालाई अन्तिम रुप दिने तथा शूल्क निर्धारणसम्बन्धी प्रतिवेदनलाई अध्ययन गरी शूल्क निर्धारण गर्नेसमेतको कार्यको लागि

केही थप समय लाग्ने भएकोले देहायको विषयमा हाललाई यस समितिले कार्य सम्पन्न गरेको सुचना तथा सञ्चार मन्त्रालयलाई सिफारिस गर्ने ।

समितिको सिफारिस

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय र नेपाल केबूल टेलिभिजन एसोसिएशन तथा नेपाल केबूल टेलिभिजन संघबीच मिति २०६४।५।२ मा भएको सम्झौता कार्यान्वयन गर्ने सम्बन्धमा समितिले देहायका माध्यमबाट उक्त सम्झौता कार्यान्वयन गर्ने सिफारिश गरेको छ :,

(क) प्रचलित कानूनको माध्यमबाट
(ख) सम्बन्धित नियमावलीको संशोधनको माध्यमबाट
(ग) ऐन निर्माण वा संशोधनको माध्यमबाट

(क) प्रचलित कानूनमा संशोधन नगरी मन्त्रालयबाट निर्णय गरी कार्यान्वयन गर्न सकिने विषयहरु:,

१. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ को उपनियम (१) मा इजाजतपत्र तथा अनूमतिपत्रको अवधि सो इजाजतपत्र तथा अनूमतिपत्रमा उल्लेख भए बमोजिम हूने व्यवस्था छ । उक्त व्यवस्था अनूसार इजाजतपत्र तथा अनूमतिपत्रको अवधि कानूनमा स्पष्ट रुपमा नतोकिएको र सो अवधि मन्त्रालयले त्यस्तो इजाजतपत्र तथा अनूमतिपत्रमा उल्लेख गरे बमोजिम हूने हूँदा केबूल टेलिभिजन प्रसारण संस्थाहरुको इजाजतपत्रको अवधि पाँच वर्षको हूने गरी व्यवस्था गर्न नियमावलीमा संशोधन गर्न आवश्यक नदेखिएको हूंदा मन्त्रालयवाट निर्णय गरी पाँच वर्षको अवधि कायम गर्ने ।

२. केबूल टेलिभिजन प्रसारण संस्थाहरुले प्रेस पास माग गरेको सम्बन्धमा अध्ययन गर्दा केबूल टेलिभिजन प्रसारण संस्थाहरुलाई प्रेस पास उपलव्ध गराउन नमिल्ने गरी प्रचलित कानूनमा व्यवस्था नभइरहेको अवस्था देखिंदा छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८ छापाखाना र प्रकाशन सम्बन्धी नियमावली २०४९ को परिधि भित्र रही सुचना विभागवाट प्रेसपास उपलव्ध गराउने सम्बन्धमा मन्त्रालयले सुचना विभागलाई आवश्यक निर्देशन दिने ।

३ राष्ट्रिय प्रसारण ऐन तथा नियमावलीले DTH प्रविधि सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नगरेको हूँदा मौजूदा कानूनी व्यवस्थाकै आधारमा उक्त प्रविधि सञ्चालन गर्न मिल्ने देखिदैन । DTH प्रविधि सम्बन्धमा मन्त्रालयबाटै गठन भएको केबूल टेलिभिजन सल्लाहकार समितिले मन्त्रालयमा पेश गरेको सिफारिशमा त्यस्तो प्रविधि सञ्चालन गर्न उपयूक्त कानूनी व्यवस्था नगरेसम्म

स्वीकृति दिन नसकिने रायका साथ तत्सम्बन्धी कानून बनाउंदा समावेश गर्नू पर्ने मूख्य मूख्य व्यवस्था समेत सिफारिश गरेको हूँदा DTH सम्बन्धमा आवश्यक कानूनी व्यवस्था नवनेसम्म त्यस्तो प्रविधि सञ्चालन गर्न गराउन नमिल्ने व्यहोराको जानकारी मन्त्रालयले यस अगावै सार्वजनिक रुपमा सुचना प्रकाशन गरिसकेको समेत हूँदा हाल पनि त्यस्तो प्रविधि मूलूकमा कहिंकतै सञ्चालनमा आएको भए मन्त्रालयवाट सार्वजनिक रुपमा नै पून: त्यस्तो कार्य अवैध भएको भन्नेसम्बन्धी सार्वजनिक प्रकाशन गर्न यसमा सुचना तथा सञ्चार मन्त्रालय तथा मातहतका कार्यालयहरु तथा नेपाल केबूल टेलिभिजन एसोसिएशन तथा नेपाल केबूल टेलिभिजन संघ समेतको सहयोगमा कडाइका साथ अनूगमन र निरीक्षण गर्ने ।

४. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २० बमोजिम राष्ट्रिय प्रसारण ऐन २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली २०५२ को उद्देश्य पुर्ति गर्न वा मन्त्रालयले गर्ने कामको सम्बन्धमा सरसल्लाह र सूझाव दिन मन्त्रालयले आवश्यक ठानेमा सञ्चार क्षेत्रमा विशेष ज्ञान भएका व्यक्तिहरु रहेको समिति गठन गर्न सक्ने प्रावधान भए बमोजिम मन्त्रालयले यस अगावै सो नियम अन्तरगत एक केबूल टेलिभिजन सल्लाहकार समिति गठन गरी उक्त समितिले कार्य गर्दै आइरहेको छ । यसै सन्दर्भमा रेडियो (सञ्चार) (लाईसेन्स) नियमावली, २०४९ को नियम २२ ले पनि सो नियमावली बमोजिम मन्त्रालयले गर्ने कामका सम्बन्धमा सरसल्लाह र सूझाव दिन मन्त्रालयले समिति गठन गर्न सक्ने व्यवस्था गरे बमोजिम उक्त समिति हालसम्म गठन भएको नदेखिंदा उक्त समिति अविलम्व गठन गरी रेडियो ऐन नियममा भएको व्यवस्थालाई समेत प्रभावकारी कार्यान्वयन गर्नू पर्ने अवस्था महसूस गरिएको हँदा राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २० बमोजिम गठन भइरहेको केबूल टेलिभिजन सल्लाहकार समितिलाई पूनर्गठन गरी रेडियो सञ्चार लाइसेन्स नियमावली, २०४९ को नियम २२ को क्षेत्राधिकारसमेत प्रयोग गर्ने गरी एउटा संयूक्त समिति गठन गर्ने ।

५. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अनूसुची- १(क) को ढाँचामा स्याटेलाइट, केबूल वा अन्य सञ्चार माध्यमद्धारा कार्यक्रम प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने निवेदनसाथ निवेदकले सम्वन्धित विषयमा अनूभवी तथा ख्याती प्राप्त व्यक्ति वा मान्यताप्राप्त अनूसन्धनात्मक संस्थावाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन पेश गर्नू पर्ने व्यवस्था रहेकोमा त्यस्तो प्रतिवेदन व्यवहारिक नदेखिएको हूँदा त्यस्तो व्यवस्थालाई केबूल टेलिभिजन प्रसारण संस्थाको हकमा व्यवहारिक, छिटो छरितो, तथ्यपरक र सुचनामुलक प्रकृतिको बनाउनको लागि मन्त्रालयले नै त्यस्तो

प्रतिवेदनको ढाँचा तोक्ने गरी व्यवस्था गर्न अनूसुचीमा संशोधनको प्रस्ताव गरिएको हूँदा अनूसुचीमा संशोधन भएपछि मन्त्रालयले केबूल टेलिभिजन प्रसारण संस्थाहरुले निवेदन साथ पेश गर्नू पर्ने आर्थिक, प्राविधिक तथा व्यवसायिक प्रतिवेदनको ढाँचा तोक्नूपर्ने ।

(ख) <u>सम्बन्धित नियमावलीको संशोधनको माध्यमबाटः-</u>
<u>देहायका नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने :</u>

(१) राष्ट्रिय प्रसारण नियमावली, २०५२: राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा देहायबमोजिम संशोधन गर्न प्रस्ताव गरिएको छ ।

- राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ मा कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफुले गरेको कुल आम्दानीको चार प्रतिसतले हूने रकम रोयल्टी रुपमा नेपाल सरकारलाई बूझाउनू पर्ने व्यवस्था छ । राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १० मा प्रसारण तथा वितरण शूल्क उल्लेख भएको तर नियमावलीमा त्यस्तो शूल्क रोयल्टीको रुपमा अभिव्यक्त भएको हूँदा ऐनको भावना अनूकुल नै "रोयल्टी" शब्दको सट्टा "प्रसारण शूल्क"को राख्ने र केबूल टेलिभिजन प्रसारण संस्थाहरुले रेडियो फ्रिक्वेन्सी प्रयोग नगर्ने हूँदा सवै प्रसारण संस्थाहरुलाई समान रुपमा लागू हूने गरी रोयल्टीको व्यवस्था गरिएको र उपरोक्त शूल्क केबूल टेलिभिजन प्रसारण संस्थाहरुको हकमा व्यवहारिक नदेखिएको हूंदा त्यस्ता संस्थाहरुको हकमा दूई प्रतिसत मात्र प्रसारण शूल्क लिने ।

- राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ को उपनियम (३) बमोजिम प्रसारण संस्थाहरुले आफ्नो इजाजतपत्र वा अनूमतिपत्र नवीकरण गर्दा त्यस्ता इजाजतपत्र वा अनूमतिपत्र दिंदा लाग्ने दस्तूरको दश प्रतिसतले हूने रकम थप गरी नवीकरण दस्तूर तिर्नू पर्ने व्यवस्था छ । उक्त दस्तूर केबूल टेलिभिजन प्रसारण संस्थाहरुको हकमा व्यवहारिक नदेखिएको हूँदा त्यस्ता संस्थाहरुको हकमा शूरु इजाजतपत्र लिंदा लाग्ने दस्तूरको दश प्रतिसतले हून आउने रकम मात्र लिई इजाजतपत्र नवीकरण गर्न सक्ने व्यवस्था राख्ने ।

- प्रसारण संस्थाहरुले नेपाल सरकारलाई बूझाउनू पर्ने प्रसारण शूल्क कहिलेसम्म बूझाउने हो र नबूझाएमा के हूने भन्ने सम्बन्धमा नियमावलीमा व्यवस्था भएको नदेखिंदा त्यस्ता प्रसारण संस्थाहरुले उक्त प्रसारण शूल्क आ.व. समाप्त भएको मितिले ६ महिनाभित्र बूझाउनू

पर्ने र सो अवधिभित्र नबूझाएमा अर्को ६ महिनासम्म जरिवाना समेत वूझाउनू पर्ने र नबूझाएमा इजाजतपत्र वा अनूमतिपत्र रद्द हूने ।

- केबूल टेलिभिजन प्रसारण संस्थाको इजाजतपत्रको अवधि पाँच वर्षको हूने व्यवस्था गरिएको सन्दर्भमा त्यस्ता संस्थाहरुको हकमा जरिवाना तिरी नवीकरण गर्ने सम्बन्धी व्यवस्था छूटै प्रस्ताव गरिएको छ । जस अनूसार पाँच वर्षको अवधि भूक्तान भएको मितिले अर्को एक वर्ष भित्र जरीवाना तिरी नवीकरण गर्न सक्ने व्यवस्था प्रस्तावित गरिएको छ ।

- यसैगरी च्यानल वितरक संस्थाहरुको सम्बन्धमा कानूनमा कूनै व्यवस्था नभएको हूँदा त्यस्ता संस्थाहरुको हकमा समेत नियमन गर्न आवश्यकता महसूस गरी तत्सम्बन्धमा के कस्तो कानूनी व्यवस्था गर्न उपयूक्त छ भन्ने सम्बन्धमा सम्बन्धित वितरक संस्थाहरुलाई मन्त्रालयमा आमन्त्रण गरी राय सूझाव लिई आवश्यक कानूनी व्यवस्थाको प्रस्ताव गरिएको छ । जस अनूसार कूनै व्यक्ति वा संस्थाले नेपाल भित्र विदेशी प्रसारण संस्थाको सशूल्क च्यानेल विक्री वितरण गर्न चाहेमा प्रति च्यानल रु एक हजार दस्तूर तिरी मन्त्रालयवाट स्वीकृति लिनू पर्ने समेतको व्यवस्थाहरु गरिएको छ । नियमावलीको मसौदा यसै प्रतिवेदनको अनूसुची १ मा संलग्न गरिएको छ ।

२. केबूल टेलिभिजन प्रसारण संस्थाहरुले शूरु इजाजतपत्र लिंदा लाग्ने इजाजतपत्र दस्तूर नियमावलीको अनूसुची ५ (ख) मा लाइन क्षमताको आधारमा लाग्ने गरी तोकिएको छ । लाईन क्षमताको आधारमा तोकिएको इजाजतपत्र दस्तूरसम्बन्धी व्यवस्थाका सम्बन्धमा अध्ययन गर्दा त्यस्तो व्यवस्था रहिरहेसम्म प्रभावकारी अनूगमन एवं निरीक्षण गर्न सहज हूने अवस्था नदेखिएको र त्यस्तो अवस्था व्यवहारिक एवं वैज्ञानिक समेत देखिन नआएको हूँदा लाइन क्षमताको आधारमा इजाजतपत्र दस्तूर तोकिने व्यवस्थाको सट्टा भौगोलिक क्षेत्रमा केबूल टेलिभिजन व्यवसाय सञ्चालन हूने आधारमा दस्तूर तोक्न मनासिव देखिएको हूंदा विभिन्न ८ प्रकारका भौगोलिक क्षेत्र निर्धारण गरी प्रत्येक भौगोलिक क्षेत्रको लागि छूट्टाछूट्टै दस्तूरको प्रस्ताव गरिएको छ । भौगोलिक क्षेत्र वर्गिकरण गर्दा अति विकट क्षेत्रमा कम र सूगम क्षेत्रमा बढी दस्तूर लाग्ने गरी मापदण्ड तय गरिएको छ । यस्तो व्यवस्था अनूसुचीमा हेरफेर गरी लागू गर्न सकिने हूँदा नेपाल राजपत्रमा प्रकाशित गर्नू पर्ने सुचनाको मसौदा यसै प्रतिवेदनको अनूसुची २ मा संलगन गरिएको छ ।

३. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अनूसुची-१ (क) को इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचालाई सुचनामुलक बनाउने उद्देश्यले केही

सामान्य रुपमा परिमार्जन गरिएको छ । साथै केबूल टेलिभिजन प्रसारण संस्थाहरुले आफुले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षको प्रतिवेदन मन्त्रालयले तोके बमोजिमको ढाँचामा पेश गर्नू पर्ने गरी व्यवस्था गरिएको छ । अनूसुचीमा हेरफेर गरी नेपाल राजपत्रमा प्रकाशन गर्नू पर्ने सुचनाको मसौदा यसै प्रतिवेदनको अनूसुची ३ मा संलग्न गरिएको छ ।

४. राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अनूसुची २ क को इजाजतपत्रको ढाँचामा सामान्य हेरफेर गरिएको छ । नेपाल राजपत्रमा प्रकाशन गर्ने सुचनाको मसौदा यसै प्रतिवेदनको अनूसुची ४ मा संलग्न गरिएको छ ।

५. केबूल टेलिभिजन प्रसारण संस्थाहरुले राष्ट्रिय प्रसारण ऐन तथा नियमावली बमोजिम प्रसारणको इजाजतपत्र लिई सकेपछि रेडियो ऐन तथा नियमावली बमोजिम रेडियो यन्त्रको लाइसेन्ससमेत लिनू पर्ने व्यवस्था रहेबाट त्यस्तो दोहरो लाइसेन्सिङ्गको व्यवस्था अव्यवहारिक देखिन आएको हूँदा रेडियो ऐन तथा नियमावली बमोजिम रेडियो यन्त्रको लाइसेन्स लिनू पर्ने व्यवस्थालाई खारेज गर्न मनासिव देखिन आएको हूँदा रेडियो सञ्चार लाइसेन्स नियमावली, २०४९ को नियम १८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी यस अगावै व्यक्तिगत प्रयोजनको लागि रेडियो यन्त्रको लाइसेन्स लिनू नपर्ने गरी व्यवस्था भइसकेको परिप्रेक्ष्यमा केबूल टेलिभिजन प्रसारण संस्थाहरुले प्रयोग गर्ने वा राख्ने स्याटेलाइट रिसिभर रेडियो यन्त्रको लाइसेन्ससमेत लिनू नपर्ने गरी नेपाल राजपत्रमा सुचना प्रकाशन गर्नू उपयूक्त देखिएको हूँदा नेपाल राजपत्रमा प्रकाशन गर्ने सुचनाको मसौदा यसै प्रतिवेदनको अनूसुची ४ मा संलग्न गरिएको छ ।

(ग) ऐन निर्माण वा संशोधनको माध्यमद्वारा :

केबूल टेलिभिजनसम्बन्धी समस्या पहिचान र समाधानका लागि गठित कार्यदलले तयार गरी मन्त्रालयमा पेश गरेको केबूल टेलिभिजन नेटवर्क (नियमित तथा व्यवस्थित गर्ने) ऐन २०६३ को मसौदा उपर अध्ययन गरी उक्त मसौदालाई अन्तिम रुप दिन केही बढी समय लाग्न जाने हूंदा उक्त मसौदाउपर अध्ययन भइरहेको र नियमावलीको संशोधनबाट सम्बोधन हून नसके केबूल टेलिभिजन प्रसारण संस्थाहरुले स्थानिय कार्यक्रम प्रसारण गर्न तथा केबूल व्यवसायलाई उद्योगको रुपमा प्रतिस्थापन गराउनेलगायत अन्य समसामयिक सूधारका विषयमा सो प्रस्तावित ऐनको मसौदामा संलग्न गरी सिफारिस गरिने व्यहोरा पेश गरेका छौं ।

## राष्ट्रिय प्रसारण (तेस्रो संशोधन) नियमावली, २०६४

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राष्ट्रिय प्रसारण (तेस्रो संशोधन) नियमावली, २०६४" रहेको छ ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय प्रसारण नियमावली, २०५२ (यसपछि मूल नियमावली भनिएको) को नियम ७ मा संशोधनः मूल नियमावालीको नियम ७ पछि देहायको नियम ७क. थप गरिएको छ :-

"७क. विदेशी च्यानलको सिग्नल विक्री वितरण सम्वन्धी व्यवस्था : (१) कुनै व्यक्ति वा संस्थाले विदेशी प्रसारण संस्थाको सशुल्क च्यानलको सिग्नल नेपाल राज्यभित्र प्रसारण विक्री वितरण गर्न चाहेमा विदेशी प्रसारण संस्थासँग भएको सम्झौता संलग्न गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा मनासिव देखिएमा मन्त्रालयले प्रति च्यानलको एक हजार रुपैयाँ दस्तूर लिई त्यस्ता व्यक्ति वा संस्थालाई स्वीकृति दिनेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति प्राप्त गरेको व्यक्ति वा संस्थाले यसै नियमावली बमोजिम केवुल टेलिभिजन प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई त्यस्ता च्यानलको सिग्नल विकी वितरण गर्ने प्रयोजनको लागि सबैलाई समानरुपमा लागू हुने मापदण्ड तयगरी प्रसारण विकी वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि विदेशी प्रसारण संस्थाको च्यानलको सिग्नल नेपाल राज्यभित्र प्रसारण विकी वितरण गरिरहेका व्यक्ति वा

संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले दुई महिनाभित्र उपनियम (२) बमोजिम मन्त्रालयबाट स्वीकृति लिनुपर्ने छ ।

(५) उपनियम (४) बमोजिम मन्त्रालयबाट स्वीकृति नलिने व्यक्ति वा संस्थाले नेपाल राज्यभित्र विदेशी प्रसारण संस्थाको च्यानलको सिग्नल प्रसारण विकी वितरण गर्न पाउने छैन

(६) मन्त्रालयले यस नियम बमोजिम विदेशी प्रसारण संस्थाको सशुल्क च्यानलको सिग्नल प्रसारण विकी वितरण गर्न स्वीकृति प्राप्त व्यक्ति वा संस्थालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ । यसरी मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । ”

३. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को,-

(क) उपनियम (१) मा रहेका “रोयल्टी रुपमा” भन्ने शब्दहरूको सट्टा “प्रसारण शुल्कको रुपमा” भन्ने शब्दहरू राखी सोही उपनियममा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

“तर केवुल टेलिभिजन प्रसारण संस्था वा व्यक्तिले वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुने रकम प्रसारण शुल्कको रुपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।”

(ख) उपनियम (१) पछि देहायको उपनियम १क. र १ख. थपिएको छ :

“१क. उपनियम (१) बमोजिम कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले नेपाल सरकारलाई बुझाउनु पर्ने प्रसारण शुल्क प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र बुझाउनु पर्नेछ । यसरी प्रसारण शुल्क बुझाउंदा त्यस्ता संस्था वा व्यक्तिले कानून बमोजिमको आफ्नो कारोवारको लेखापरीक्षण प्रतिवेदनसमेत पेश गर्नु पर्नेछ ।

१ख. उपनियम (१क.) को म्यादभित्र कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले प्रसारण शुल्क नबुझाएमा त्यस्तो म्याद भुक्तान भएको पहिलो एक महिनासम्मको लागि प्रसारण शुल्कको दश प्रतिसत, दोश्रो दुई महिनासम्मको लागि बीस प्रतिशत र तेस्रो तीन महिनासम्मको लागि पचास प्रतिशत जरीवाना लाग्नेछ । ६

महिनाभित्र पनि प्रसारण शुल्क नबुझाएमा त्यस्ता प्रसारण संस्था वा व्यक्तिको इजाजतपत्र वा अनुमति पत्र स्वतः रद्द हुनेछ ।"

४. मूल नियमवालीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को,-

(क) उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

" तर यस उपनियममा जुनसुकै कुरा लेखिएको भए तापनि केवुल टेलिभिजन प्रसारण संस्था वा व्यक्तिले उपनियम (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि निवेदन दिएमा मन्त्रालयले इजाजतपत्र दिदा लाग्ने दस्तूरको दश प्रतिशतले हुने रकम लिइ त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ । "

(ख) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिमको म्याद भुक्तान भएपछि केवुल टेलिभिजन प्रसारण संस्थाले इजाजतपत्र नवीकरण गर्न आएमा पहिलो तीन महिनासम्मको लागि पच्चीस प्रतिशत, दोस्रो तीन महिनासम्मको लागि पचास प्रतिशत, तेस्रो तीन महिनासम्मको लागि पचहत्तर प्रतिशत र चौथो तीन महिनासम्मको लागि शतप्रतिशत जरीवाना लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ । एक वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ । "

राष्ट्रिय प्रसारण (तेस्रो संशोधन) नियमावली, २०६४ को

तीन महले

| सि.नं | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| १. | नियम ७ क. नयाँ व्यवस्था थप | "७क. विदेशी च्यानलको सिग्नल विक्री वितरण सम्वन्धी व्यवस्था : (१) कुनै व्यक्ति वा संस्थाले विदेशी प्रसारण संस्थाको सशुल्क च्यानलको सिग्नल नेपाल राज्यभित्र विक्री वितरण गर्न चाहेमा विदेशी प्रसारण संस्थासँग भएको समझौता संलग्न गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा मनासिव देखिएमा मन्त्रालयले प्रति च्यानलको रु १,०००।- ( एकहजार ) दस्तूर लिई त्यस्ता व्यक्ति वा संस्थालाई स्वीकृति प्रदान गर्नेछ ।<br>(३) उपनियम (२) बमोजिम स्वीकृति प्राप्त गरेको व्यक्ति वा संस्थाले यसै | विदेशी प्रसारण संस्थाहरूको च्यानलको सिग्नल नेपाल राज्यभित्र प्रसारण विक्री वितरण गर्दै आइरहेका वितरक संस्थाहरूलाई कानूनको दायरामा ल्याइ नियमन गर्न आवश्यक भएको । |

| | | | |
|---|---|---|---|
| | | नियमावली बमोजिम इजाजतपत्र प्राप्त केवुल टेलिभिजन प्रसारण संस्थाहरूलाई त्यस्ता सिग्नल विक्री वितरण गर्न सबैलाई समानरुपमा लागू हुने गरी मापदण्ड तयगरी विक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>(४) मन्त्रालयले यस नियम बमोजिम विदेशी प्रसारण संस्थाको सशुल्क च्यानलको सिग्नल विक्री वितरण गर्न स्वीकृति प्राप्त व्यक्ति वा संस्थालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ । यसरी मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।<br>(५) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि विदेशी प्रमुख संस्थाको सिग्नल नेपाल राज्यभित्र प्रसारण विक्री वितरण गरिरहेका व्यक्ति वा संस्थाले | |

| | | | |
|---|---|---|---|
| | | यो नियमावली प्रारम्भ भएको मितिले दुई महिनाभित्र उपनियम (२) बमोजिम मन्त्रालयबाट स्वीकृति लिनुपर्ने छ ।<br>(६) उपनियम (५) बमोजिमको अवधिभित्र मन्त्रालयवाट स्वीकृति नलिने व्यक्ति वा संस्थाले नेपाल राज्यभित्र विदेशी प्रसारण संस्थाको सिग्नल प्रसारण विकी वितरण गर्न पाउने छैन । | |
| २. | नियम ११ . <u>प्रसारण तथा वितरण शुल्क</u>:(१) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको चार प्रतिशतले हुने रकम रोयल्टी रुपमा श्री ५ को सरकारलाई बुझाउनु पर्नेछ । | नियम ११ <u>प्रसारण तथा वितरण शुल्क</u>: (१) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको चार प्रतिशतले हुने रकम प्रसारण शुल्कको रुपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ । | राष्ट्रिय प्रसारण ऐनमा प्रसारण शुल्क भनी उल्लेख भएको हुँदा सो अनुरुप नियममा मिलाइएको । |
| ३. | नियम ११ को उपनियम (१) मा प्रतिबन्धात्मक वाक्याशं थपिएको : | नियम ११ को उपनियम (१) पछि देहाएको प्रतिबन्धात्मक वाक्याशं थपिएको छ :-<br>"तर केवुल टेलिभिजन प्रसारण संस्थाहरूले वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुने रकम प्रसारण शुल्कको रुपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ । | केवुल टेलिभिजनले वायरलेस प्रविधिको प्रयोग नगर्ने भएकोले रेडियो फ्रिक्वेन्सीको प्रयोग गर्ने अवस्था नरहेको हुँदा दस्तुर घटाउनु परेको । |
| ४. | नियम ११ को उपनियम (१क): नयाँ व्यवस्था थप । | | प्रसारण शुल्क बुझाउनु पर्ने म्याद कानूनमा नै व्यवस्था गर्ने र तोकिएको म्यादभित्र प्रसारण शुल्क नबुझाएमा इजाजतपत्र वा अनुमतिपत्र रद्द हुने व्यवस्था गरी निश्चित अवधिभित्र प्रसारण शुल्क तिर्नु बुझाउनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको । |

| | | | |
|---|---|---|---|
| | नियम ११ को उपनियम (१ख): नयाँ व्यवस्था थप । | ”<br><br>नियम ११ को उपनियम (१क.) उपनियम (१) बमोजिम कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले नेपाल सरकारलाई बुझाउनु पर्ने प्रसारण शुल्क प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र बुझाउनु पर्नेछ । यसरी प्रसारण शुल्क बुझाउंदा त्यस्ता संस्था वा व्यक्तिले कानून बमोजिमको आफ्नो कारोवारको लेखापरीक्षण प्रतिवेदनसमेत पेश गर्नु पर्नेछ ।<br><br>(१ख.) उपनियम (१क.) को म्यादभित्र कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले प्रसारण शुल्क नबुझाएमा त्यस्तो म्याद भुक्तान भएको पहिलो एक महिनासम्मको लागि प्रसारण शुल्कको दश प्रतिसत, दोश्रो दुई महिनासम्मको लागि बीस प्रतिशत र तेस्रो तीन महिनासम्मको लागि पचास प्रतिशत जरीवाना लाग्नेछ । ६ महिनाभित्र पनि प्रसारण शुल्क | |

| | | | |
|---|---|---|---|
| | | नवुझाएमा त्यस्ता प्रसारण संस्था वा व्यक्तिको इजाजतपत्र वा अनुमति पत्र स्वतः रद्द हुनेछ । | |
| ५. | नियम १६ को उपनियम (३) मा प्रतिवन्धात्मक वाक्यांश थपिएको : नयाँ व्यवस्था थप । | "तर यस उपनियममा जुनसुकै कुरा लेखिएको भएतापनि केवुल टेलिभिजन प्रसारण संस्था वा व्यक्तिले उपनियम (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि निवेदन दिएमा मन्त्रालयले इजाजतपत्र दिंदा लाग्ने दस्तूरको दश प्रतिशतले हुने रकम लिइ त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ । " | केवुल टेलिभिजनले वायरलेस प्रविधिको प्रयोग नगर्ने भएकोले रेडियो फ्रिक्वेन्सीको प्रयोग गर्ने अवस्था नरहेको हुँदा दस्तुर घटाउनु परेको । |
| ६. | नियम १६ को उपनियम (५) :_नयाँ व्यवस्था थप गरिएको । | नियम १६ को उपनियम ((५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिमको म्याद भुक्तान भएपछि केवुल टेलिभिजन प्रसारण संस्थाले इजाजतपत्र नवीकरण गर्न आएमा पहिलो तीन महिनासम्मको लागि पच्चीस प्रतिशत, दोस्रो तीन | अन्य प्रसारण संस्थाभन्दा केवुल टेलिभिजन प्रसारण संस्थाहरुको प्रकृति फरक भएको, यस्ता संस्थाले वायरलेस प्रविधिको प्रयोग नगर्ने हुँदा रेडियो फ्रिक्वेन्सीको प्रयोग गर्ने अवस्था नरहने भएको र केवुल प्रसारण संस्थाहरुको इजाजतपत्रको अवधि पाँच वर्षको गराउने गरी मन्त्रालयबाट तयारी समेत भैरहेको समेत हुँदा जरीवाना तिरी नवीकरण गराउने व्यवस्था भिन्न गर्नुपर्ने अवस्था रहेकोले । |

| | | | |
|---|---|---|---|
| | | महिनासम्मको लागि पचास प्रतिशत, तेस्रो तीन महिनासम्मको लागि पचहत्तर प्रतिशत र चौथो तीन महिनासम्मको लागि शतप्रतिशत जरीवाना लिई मन्त्रालयले त्यस्तो इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ । एक वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ । ” | |

अनूसूची -२

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालयको
सूचना

नेपाल सरकारले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची - ५ (ख) को क्रमसंख्या १ को सट्टा देहायको क्रमसंख्या १ राखी मिति २०६४।९।१ देखि लागू हुने गरी हेरफेर गरेको छ ।

१. स्याटेलाइट वा केबुलसम्वन्धी सञ्चार माध्यमद्धारा कार्यक्रम प्रसारण गर्नको लागि:-

(क) काठमाण्डौ उपत्यका भरी कार्यक्रम प्रसारण गर्नको लागि रु. ५,००,०००।
(ख) महानगरपालिका क्षेत्र भरी कार्यक्रम प्रसारण गर्नको लागि रु. १,००,०००।
(ग) उपमहानगरपालिका क्षेत्र भरी कार्यक्रम प्रसारण गर्नको लागि रु. ५०,०००।
(घ) नगरपालिका भरी कार्यक्रम प्रसारण गर्नका लागि रु.२५,०००।
(ङ) महानगरपालिकासंग सिमाना जोडिएका प्रत्येक गा.वि.स.मा. कार्यक्रम प्रसारण गर्नको लागि रु. १५,०००।
(च) उपमहनगरपलिकासंग सिमाना जोडिएका प्रत्येक गा.वि.स. मा कार्यक्रम प्रसारण गर्नको लागि रु.१०,०००।
(छ) दुर्गम र अति विकट गा.वि.स.का लागि रु. १,०००।
(ज) खण्ड (ङ),(च) र (छ) वाहेकका अन्य प्रत्येक गा.वि.स.मा कार्यक्रम प्रसारण गर्नको लागि रु. ५,०००।

द्रष्टव्य:
दुर्गम र अतिविकट गा.वि.स. भन्नाले ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, रामेछाप, दोलखा, रसुवा, धादिङ, गोरखा, सिन्धुपाल्चोक, संखुवासभा, मनाङ्ग, मुस्ताङ्ग, रुकुम, रोल्पा, डोल्पा, जुम्ला, कालीकोट, मुगु, हुम्ला, जाजरकोट, बाजुरा, बझाङ, अछाम, दार्चुलाका सदरमुकाममा अवस्थित गा.वि.स. वाहेकका अन्य गा.वि.स. सम्झनुपर्दछ ।

खण्ड ४७ अतिरिक्ताङ्क २४ नेपाल राजपत्र भाग ३ र मिति २०५४।४।१ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रमसंख्या १ खारेज गरिएको छ ।

आज्ञाले

(शंकरप्रसाद कोइराला)
नेपाल सरकारको सचिव

अनुसूची -३

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालयको
सूचना

नेपाल सरकारले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची १-क मा देहाय बमोजिम हेरफेर गरेको छ ।

१. राष्ट्रिय प्रसारण नियमावली, २०४९ को अनूसूची -१ कः,

(क) क्रमसंख्या १ को खण्ड (क) भर देहायको विवरण थपेको छः,
घर नं. :-
फ्याक्स नं. :-
नागरिकता लिएको जिल्ला, मिति र नागरिका नं. ः
इमेल ठेगानाः-

(ख) क्रमसंख्या १ को खण्ड (ख) मा देहायको विवरण थपेको छः,
घर नं. :-
फ्याक्स नं. :-
इमेल ठेगाना :-

(ग) क्रमसंख्या ५ मा रहेको "र जनसंख्या" भन्ने शव्दहरु झिकिएका छन्

(घ) क्रमसंख्या १३ मा रहेको "समय र" भन्ने शव्दहरु झिकिएका छन् ।

(ङ) द्रष्टव्यको सट्टा देहायको द्रष्टव्य राखिएको छः,

१. निवेदकले सम्वन्धित विषयमा अनुभवी तथा ख्याती प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थावाट आफुले इजाजतपत्र लिन खाजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक पत्रमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन निवेदन साथ संलग्न गर्नु पर्नेछ । तर
केवुल टेलिभिजन माध्यमद्धारा कार्यक्रम प्रसारण गर्न चाहने निवेदकले मन्त्रालयले तोके बमोजिमको ढाँचामा त्यस्तो प्रतिवेदन निवेदन साथ संलग्न गर्नु पर्नेछ ।
२. निवेदकले निवेदन साथ प्रसारण संस्था दर्ताको प्रमाण पत्र सम्वन्धित विधान, तथा सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।
३. निवेदन दस्तरु रु. २०००। वुझाएको नगदी रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचर ।
४. प्रसारण केन्द्र (Headedd) रहने ठाँउको विवरण र प्रसारण संस्थाको प्रसारण पहुँच देखाएको नक्सा ।
५. प्रसारणमा गरिने च्यानेलहरुको संख्या, प्रत्येक च्यानलको नाम, प्रकार (सशुल्क), निशुल्क) तथा स्याटेलाइट रिसिभरको बिबरण ।
६. स्याटेलाइट रिसिभर, मोडुलेटर र नेटवर्क डिटेल्स ।
७. मन्त्रालयले समय समयमा तोकिदिएको अन्य कागजात ।

आज्ञाले

(शंकरप्रसाद कोइराला)
नेपाल सरकारको सचिव

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालयको
सूचना

नेपाल सरकारले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची -२ (क) मा देहाय बमोजिम हेरफेर गरेको छ ।

राष्ट्रिय प्रसारण नियमावली, २०४९ को अनूसूची- २क को;
(क) क्रमसंख्या ८ मा रहेका "र जनसंख्या" भन्ने शव्दहरु झिकिएका छन् ।
(ख) क्रमसंख्या ११ मा रहेको "समय र " भन्ने शव्दहरु झिकिएका छन् ।
(ग) क्रमसंख्या १४ को सट्टा देहायको क्रमसंख्या १४ राखिएको छ ।
"१४ राष्ट्रिय प्रसारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली २०५२ मा तोकिएका शर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकी दिएका अन्य शर्तहरुको समेत पालना गरी केबुल प्रसारण गर्नु पर्नेछ "।

आज्ञाले

(शंकरप्रसाद कोइराला)
नेपाल सरकारको सचिव

अनुसूची -५

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले रेडियो (सञ्चार) लाइसेन्स नियमावली, २०४९ को नियम १८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी केवुल टेलिभिजन प्रसारण संस्थाहरुले राख्ने तथा प्रयोग गर्ने स्याटेलाइट रिसिभर रेडियो यन्त्रको लाइसेन्स लिन नपर्ने गरी तोकेको छ ।

आज्ञाले

(शंकरप्रसाद कोइराला)
नेपाल सरकारको सचिव